# सुनवल नगरपालिकाको अर्थ सम्वनधी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको आर्थिक ऐन, २०८०

**प्रस्तावनाः** सुनवल नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सुनवल नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम ***“सुनवल नगरपालिकाको आर्थिक ऐन, २०८०”*** रहेको छ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि सुनवल नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति करः** सुनवल नगरपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत)ः** एकिकृत सम्पत्तिकर लागू भएको आ.व. २०७४/७५ भन्दा पूर्व बुझाउन बाँकी मालपोत तथा भूमिकर र घर धुरीकरका हकमा अनुसूची-२ बमोजिम मालपोत तथा भूमिकर र धुरीकर असुल गरिनेछ।

४. **घर वहाल करः** सुनवल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** सुनवल नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** सुनवल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** सुनवल नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** सुनवल नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** सुनवल नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम मनोरञ्जन कर लाग्नेछ।

१०. **बहाल बिटौरी शुल्कः** सुनवल नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची-८ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** सुनवल नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-९ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुर**: सुनवल नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-१० मा उल्लिखित स्थानीय पूर्वाधारर र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर छुट सम्वनधी भएको व्यवस्था बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। तर आय ठेक्काको सम्पूर्ण रकम ठेकेदारले सम्झौताका बखत एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिन सकिनेछ।

(क) कुनै क्षेत्र तोकि नेपाल सरकारले संकटकाल घोषणा गरेको खण्डमा संकटकाल घोषणा गरेको क्षेत्रसँग सम्बन्धित उद्योग, ब्यवसायमा नेपाल सरकारले तोकेमा सोहि बमोजिम वा नगर कार्यपालिकाको निर्णय बमोजिम कर छुट दिन सकिनेछ।

(ख) दैवी प्रकोप, महामारी वा प्राकृतिक विपत्ति परेको भनी राष्ट्रिय रुपमा घोषणा गरेमा वा सुनवल नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्राकृतिक विपत्ति घोषणा गरेको खण्डमा विपत्तिबाट प्रभाव परेको ब्यवसायिक क्षेत्रमा विपत्ति अवधिसम्मको लागी पुर्णरुपमा कर छुट दिन सकिनेछ।

(ग) नदिजन्य पदार्थको ठेक्का वनदोबस्तीको सिलसिलामा दैवी प्रकोप, महामारी परेमा वा नगरपालिकाले नै रोक लगाइएको अवस्थामा परिमाण यकिन गरी छुट दिन सकिने छ तथा हाटबजार ब्यवस्थापनमा नगरपालिकाले कुनै प्रकारले रोक लगाएमा रोक लगाएको अवधिसम्मको क्षति यकिन गरी छुट दिन सकिनेछ।

(घ) कुनैपनि घरधनीले घरभाडामा लिने व्यक्तिलाई घर बहाल छुट दिएको प्रमाणित भएमा घरधनीले छुट दिएको घर भाडामा घरधनिलाई घर बहाल कर छुट दिन सकिनेछ।

(ङ) कर छुट सम्वनधी अन्य व्यवस्था स्थानीय राजश्व परामर्श समितिको सिफारीसमा नगर कार्यपालिकाले निर्णय गरी सोको लगत्तै बस्ने नगर सभाको बैठकले अनुमोदन गरेबमोजिम हुनेछ।

(च) आर्थिक मन्दीलाई मध्यनजर गर्दै नगरपालिकाले निर्माण गरेका सटरमा विगतमा भएको सम्झौता बमोजिम प्रत्येक वर्ष बढ्ने १०% भाडा रकम आ.व. २०८०/८१ को लागि छुट दिइनेछ।

१४. **रोयल्टी रकमः** सामुदायिक वन तथा नदिजन्य पदार्थको रोयल्टी रकम अनुसूची-११ बमोजिम हुनेछ।

१५. **दण्ड जरिवानाः** (क) नदीजन्य पदार्थ चोरी निकासी गर्ने सवारी साधन धनिलाई अनुसूची-११ बमोजिम जरीवाना गरिनेछ। उक्त जरीवानाको २० प्रतिशतले हुनआउने रकम पत्राउ गरी बुझाउनेलाई प्रोत्साहन स्वरुप उपलब्ध गराईने छ। साथै सुनवल नगरपालिका क्षेत्रभित्र निधेष गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्कीङ्ग वा व्यापार वा फोहरमैला गर्ने तथा प्रचलित कानून बिपरीतका कार्य गर्नेलाई कार्यपालिकाले तोके बमोजिम दण्ड जरीवाना गरिनेछ।

(ख) सुनवल नगरपालिकामा ईजाजत बेगर निर्माण गरिएका पुराना संरचनाहरुको नक्सापास ईजाजत अद्यावधिक गर्ने कार्य नगरपालिकाले तोकेको समयावधी भित्र गर्ने र उक्त म्याद भित्र अद्यावधिक नगर्ने र उक्त म्याद गुजारेर अद्यावधिक गर्न आएमा लाग्ने दस्तुरमा थप २५ प्रतिशत जरीवाना सहित अद्यावधिक गरिने छ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि सुनवल नगरपालिकाले तोके अनुसार हुनेछ।

**अनुसूची १**
**(ऐनको दफा २ सँग सम्बन्धित)**

## सम्पत्ति करको दर

१. मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनलाई तोकेको जग्गाको मूल्यांकनका आधारमा जग्गाको मूल्यांकन कायम गर्ने र सुनवल नगरपालिकाको पहाडी क्षेत्रमा रहेका महलपोखरी, टोक्लग्दी, गेरवादी, बिहारी र साविक धुरकोटको हकमा ५० हजार प्रति रोपनीका दरले जग्गाको मूल्यांकन कायम गरीने छ।

२. सुनवल नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संघ संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा वनेको संरचनाहरुमा सम्पत्तिकर लगाईनेछ। यसरी सम्पत्तिकर लाएको घर जग्गामा मालपोत तथा भूमिकर, घर जग्गा कर र धुरीकर लगाईने छैन।

३. सम्पत्तिकर बुझाउने कुनै करदाताले आफ्नो नाउँमा रहेको सम्पत्ति लुकाई वा खण्डिकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पत्तिको मूल्याङ्कनबाट लाग्ने कर रकममा साविकमा बुझाएको रकम घटाई बँकी रहने रकममा १५ प्रतिशतले हुने थप रकम जरिवाना सहित असुल गर्ने।

४. आगामी आ.व. २०८०/८१ का लागि कुनै व्यक्ति, संघ संस्थाले असोज मसान्त भित्र आफ्नो सम्पत्तिकर बुझाउन आएमा लाग्ने कर रकमको १० प्रतिशत छुट दिईने छ।

५. बाटोमा जोडिएको कुनैपनि कित्ताको जग्गाको १०० फिट पछाडिसम्मका लागि बाटोमा जोडिएको जग्गाको मूल्यांकनका आधारमा मूल्यांकन गर्ने र १०० फिट भन्दा पछाडीको जग्गालाई १०० फिट अगाडिको जग्गाको मूल्यांकन दरको आधा दरलाई कायम गरी मूल्यांकन गरिने छ।

६. पर्ति तथा ऐलानी जग्गा तथा सो जग्गामा वनेको घरको सम्पत्तिकरको हिसाबले आउने रकमलाई नै बहाल बिटौरी करको रुपमा असुली गरिने छ।

| क | सम्पत्ति कर | | | |
|---|---|---|---|---|
| क्र. स. | मूल्याङ्कनको दर | आगामी आ.व. २०७९/०८० को दर | आगामी आ.व. २०८०/०८१ को कायम दर | कैं. |
| १ | ४ लाख ५० हजार सम्म | १०० | १०० | |
| २ | ४ लाख ५० हजार १ देखि ५ लाख ५० हजार सम्म | १२५ | १२५ | |
| ३ | ५ लाख ५० हजार १ देखि ६ लाख ५० हजार सम्म | १५० | १५० | |
| ४ | ६ लाख ५० हजार १ देखि ७ लाख ५० हजार सम्म | १७५ | १७५ | |
| ५ | ७ लाख ५० हजार १ देखि १० लाख सम्म | २०० | २०० | |
| ६ | १० लाख १ देखि ११ लाख ५० हजार सम्म | २२५ | २२५ | |

| | | | | |
|---|---|---|---|---|
| ७ | ११ लाख ५० हजार १ देखि १२ लाख ५० हजार सम्म | २५० | २५० | |
| ८ | १२ लाख ५० हजार १ देखि १५ लाखसम्म | ३०० | ३०० | |
| ९ | १५ लाख १ देखि १७ लाख ५० हजार सम्म | ३५० | ३५० | |
| १० | १७ लाख ५० हजार १ देखि १८ लाख ५० हजार सम्म | ३७५ | ३७५ | |
| ११ | १८ लाख ५० हजार १ देखि २० लाखसम्म | ४०० | ४०० | |
| १२ | २० लाख १ देखि २१ लाख ५० हजार सम्म | ५०० | ५०० | |
| १३ | २१ लाख ५० हजार १ देखि २३ लाखसम्म | ६०० | ६०० | |
| १४ | २३ लाख १ देखि २४ लाख ५० हजारसम्म | ७०० | ७०० | |
| १५ | २४ लाख ५० हजार १ देखि २६ लाखसम्म | ८०० | ८०० | |
| १६ | २६ लाख १ देखि २७ लाख ५० हजारसम्म | ९०० | ९०० | |
| १७ | २७ लाख ५० हजार १ देखि ३० लाखसम्म | १००० | १००० | |
| १८ | ३० लाख १ देखि ३२ लाख ५० हजारसम्म | १२०० | १२०० | |
| १९ | ३२ लाख ५० हजार १ देखि ३५ लाखसम्म | १२५० | १२५० | |
| २० | ३५ लाख १ देखि ३७ लाख ५० हजारसम्म | १३०० | १३०० | |
| २१ | ३७ लाख ५० हजार १ देखि ४० लाखसम्म | १३५० | १३५० | |
| २२ | ४० लाख १ देखि ४२ लाख ५० हजारसम्म | १४०० | १४०० | |
| २३ | ४२ लाख ५० हजार १ देखि ४५ लाखसम्म | १४५० | १४५० | |
| २४ | ४५ लाख १ देखि ४७ लाख ५० हजारसम्म | १५०० | १५०० | |
| २५ | ४७ लाख ५० हजार १ देखि ५० लाखसम्म | १६०० | १६०० | |
| २६ | ५० लाख १ देखि ५५ लाखसम्म | ३५०० | ३५०० | |
| २७ | ५५ लाख १ देखि ६० लाखसम्म | ३६०० | ३६०० | |
| २८ | ६० लाख १ देखि ६५ लाखसम्म | ३७०० | ३७०० | |
| २९ | ६५ लाख १ देखि ७० लाखसम्म | ३८०० | ३८०० | |
| ३० | ७० लाख १ देखि ७५ लाखसम्म | ३९०० | ३९०० | |
| ३१ | ७५ लाख १ देखि ८० लाखसम्म | ४००० | ४००० | |
| ३२ | ८० लाख १ देखि ८५ लाखसम्म | ४१०० | ४१०० | |
| ३३ | ८५ लाख १ देखि ९० लाखसम्म | ४२०० | ४२०० | |
| ३४ | ९० लाख १ देखि ९५ लाखसम्म | ४३०० | ४३०० | |
| ३५ | ९५ लाख १ देखि १ करोड सम्म | ५५०० | ५५०० | |
| ३६ | १ करोड १ देखि १ करोड ५ लाखसम्म | ७५०० | ७५०० | |

| | | | | |
|---|---|---|---|---|
| ३७ | १ करोड ५ लाख १ देखि १ करोड १० लाखसम्म | १०५०० | १०५०० | |
| ३८ | १ करोड १० लाख १ देखि १ करोड १५ लाखसम्म | १२००० | १२००० | |
| ३९ | १ करोड १५ लाख १ देखि १ करोड २० लाखसम्म | १२५०० | १२५०० | |
| ४० | १ करोड २० लाख १ देखि १ करोड ३० लाखसम्म | १३००० | १३००० | |
| ४१ | १ करोड ३० लाख १ देखि १ करोड ४० लाखसम्म | १३५०० | १३५०० | |
| ४२ | १ करोड ४० लाख १ देखि १ करोड ५० लाखसम्म | १४००० | १४००० | |
| ४३ | १ करोड ५० लाख १ देखि १ करोड ७५ लाखसम्म | १४५०० | १४५०० | |
| ४४ | १ करोड ७५ लाख १ देखि २ करोडसम्म | १५००० | १५००० | |
| ४५ | २ करोड १ देखि २ करोड ५० लाखसम्म | २५००० | २५००० | |
| ४६ | २ करोड ५० लाख १ देखि ३ करोडसम्म | २६००० | २६००० | |
| ४७ | ३ करोड १ देखि ३ करोड ५० लाखसम्म | २८००० | २८००० | |
| ४८ | ३ करोड ५० लाख १ देखि ४ करोडसम्म | ३०००० | ३०००० | |
| ४९ | ४ करोड १ देखि ४ करोड ५० लाखसम्म | ३२००० | ३२००० | |
| ५० | ४ करोड ५० लाख १ देखि ५ करोडसम्म | ३५००० | ३५००० | |
| ५१ | ५ करोड १ देखि माथिको मूल्याङ्कनमा | प्रति करोडमा रु. ३ हजार थप | प्रति करोडमा रु. ३ हजार थप | |

नगरपालिका भित्रका संरचनाको मुल्याङ्कन निम्न बमोजिम गरिनेछ।

| संरचना मूल्यांकन दर निर्धारण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संरचना प्रतिवर्ग फिट रु. | | | | | | | | | | | |
| क्षेत्र | | RCC फ्रेम स्ट्रक्चर | | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो RCC छाना | | माटोको जोडाईमा इट्टाको गारो वा सिमेन्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | | कच्चा जोडाईमा टिन, टायल, फुस वा झींगटीको छाना | | टहरा वा सेड (छाना मात्रभएको) | |
| | | व्यापारिक, औद्यो गिक तथा संस्थागत | आवासिय | व्यापारिक, औद्योगित तथा संस्थागत | आवासिय | व्यापारिक, औद्यो गिक तथा संस्थागत | आवासिय | व्यापारिक, औद्यो गिकतथा संस्थागत | आवासिय | व्यापारिक, औद्योगिक तथा संस्थागत | आवासिय |
| क | व्यापारिक क्षेत्र | ७९५ | ६४० | ७२० | ५८० | ६५७ | ५३० | ५९५ | ४८० | ५३५ | ४३० |
| ख | शहरी आवासिय क्षेत्र | ७५० | ६३५ | ६५० | ५७५ | ५५० | ५२५ | ४५० | ४७५ | ३५० | ४२५ |
| ग | ग्रामिण आवासिय क्षेत्र | ७०० | ६०० | ६०० | ५०० | ५०० | ४०० | ४०० | ३०० | ३०० | २०० |

| |
|---|
| ढुंगा वा इटाको पर्खाल प्रति रनि.फिट रु. ५७५।०० |
| अस्थाई कच्ची घर एकमुष्ट रु. ८०००।०० |

नगरपालिका भित्र निर्माण भएका संरचनाको ह्रास कट्टी निम्न बमोजिम गरिनेछः

| संरचनाको आयु | संरचनाको किसिम | | | | |
|---|---|---|---|---|---|
| | RCC फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारी RCC छाना | माटोको जोडाईमा इट्टाको गारो वा सिमेन्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो गारो जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
| १-२० बर्ष | २.५ प्रतिशत | २.५ प्रतिशत | २.५ प्रतिशत | २.५ प्रतिशत | २.५ प्रतिशत |
| २०-४० बर्ष | ३.५ प्रतिशत | ३.५ प्रतिशत | ३.५ प्रतिशत | ३.५ प्रतिशत | ३.५ प्रतिशत |
| ४० बर्षभन्दा माथि | ४.०० प्रतिशत | ४.०० प्रतिशत | ४.०० प्रतिशत | ४.०० प्रतिशत | ४.०० प्रतिशत |

**देहायको सम्पत्तिमा सम्पत्तिक लाग्ने छैनः**

क. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा।

ख. सरकारी अस्पातालको भवन र जग्गा।

ग. गुठीको स्वामित्वमा रहेको जग्गा।

घ. सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा।

ङ. धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा।

च. खानेपानी संकलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु।

छ. राजदूतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा।

**अनुसूची-२**

(ऐनको दफा ३ सँग सम्बन्धित)

**मालपोत तथा भूमिकर र घर धुरीकर**

एकिकृत सम्पत्तिकर लागू भएको आ.व. २०७४।७५ भन्दा पूर्व बुझाउन बाँकी मालपोत तथा भूमिकर र घर धुरीकरका हकमा तपशिल बमोजिम हुनेछ।

**मालपोत तथा भूमिकर**

| क्र.सं. | विवरण | साविकको दर | आगामी आ.व. २०८०/०८१ को कायम दर | कैफियत |
|---|---|---|---|---|
| १ | साना किसान अवल १ धुर देखि ३० कट्ठा | १००.०० | १००.०० | |
| २ | साना किसान दोयम १ धुर देखि ३० कट्ठा | ७०.०० | ७०.०० | |
| ३ | साना किसान सिम १ धुर देखि ३० कट्ठा | ५०.०० | ५०.०० | |
| ४ | साना किसान चाहार १ धुर देखि ३० कट्ठा | ३०.०० | ३०.०० | |
| ५ | मझौला किसान अवल ३१ कट्ठा देखि ३ बिगहा | १५०.०० | १५०.०० | |
| ६ | मझौला किसान दोयम ३१ कट्ठा देखि ३ बिगहा | १२०.०० | १२०.०० | |
| ७ | मझौला किसान सिम ३१ कट्ठा देखि ३ बिगहा | १००.०० | १००.०० | |
| ८ | मझौला किसान चाहार ३० कट्ठा देखि ३ बिगहा | ८०.०० | ८०.०० | |
| ९ | ठुला किसान अवल ३ बिगहा देखि माथि | ५००.०० | ५००.०० | |
| १० | ठुला किसान दोयम ३ बिगहा देखी माथि | ४००.०० | ४००.०० | |
| ११ | ठुला किसान सिम ३ बिगहा देखि माथि | ३००.०० | ३००.०० | |
| १२ | ठुला किसान चहार ३ बिगहा देखि माथि | २००.०० | २००.०० | |
| धुरीकर | | | | |
| १ | फुसको छानो भएको | १०.०० | १०.०० | |
| २ | खपडा, टायल, टिन आदीको छानो भएको | १५.०० | १५.०० | |
| ३ | पक्की एक तले | ३०.०० | ३०.०० | घर जग्गा कर नलाग्ने पक्की घर |

**अनुसूची–३**

(ऐनको दफा ४ सँग सम्बन्धित)

**घर जग्गा बहाल कर**

१. सुनवल नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संघ संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, कोठा, सटर, गल्ली, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकमको वार्षिक १० प्रतिशत सम्बन्धित धनिबाट बहाल कर लिईने छ।

२. सुनवल नगरपालिका क्षेत्रभित्रका घर जग्गा बहालमा लगाईएका धनिले बहाल करका लागि पेश गरेको सम्झौतामा न्यूनतम बहाल दर भन्दा बढी भएमा सोही बमोजिम र न्यूनतम दर भन्दा कम भएमा तल उल्लेखित दरलाई आधार मानिनेछ। सुनवल नगरपालिका क्षेत्रभित्र वनेका भौतिक संरचना, घरको सटर कोठाहरुको बहाल कर असुली प्रयोजनका लागि न्यूनतम मासिक बहालदर देहाय बमोजिम कायम गरिएको छ।

| क्र.सं. | विवरण | साविकको दर | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | सुनवल चोकदेखि ३०० मि. दाँयाबाँयाका सटर | ६,०००।०० | ६,०००।०० | |
| २ | सुनवल चोकदेखि ३०० मि. बाहिर वनकट्टी सम्मका सटर (राजमार्ग) | ४,०००।०० | ४,०००।०० | |
| ३ | वनकट्टी बजार क्षेत्रका सटर | ५,०००।०० | ५,०००।०० | |
| ४ | बडेरा चोक राजमार्गदेखि ३०० मि. भित्र दाँयाबाँयाका सटर | ५,०००।०० | ५,०००।०० | |
| ५ | भूमही बजार (भूमही पुलदेखि ग्यारेजसम्म) राजमार्गदेखि ३०० मि. भित्र उत्तर तर्फका सटर | ६,०००।०० | ६,०००।०० | |
| ६ | भूमही बजार (भूमही पुलदेखि ग्यारेजसम्म) राजमार्गदेखि ३०० मि. भित्र दक्षिण तर्फका सटर | ५,०००।०० | ५,०००।०० | |
| ७ | भूमही ग्यारेजदेखि हरकट्टा पुलसम्म राजमार्गमा पर्ने सटर | ४,०००।०० | ४,०००।०० | |
| ८ | ज्यामिरे चोकदेखि अस्नैया चोकसम्मका सटर | ४,०००।०० | ४,०००।०० | |
| ९ | सुनवल चोकदेखि ३०० मि. बाहिरदेखि सुनवल नगर पालिकाको सिमानासम्म (टंक प्रसाद आचार्य मार्ग) का सटर | २,०००।०० | २,०००।०० | |
| १० | मिनि मार्केट तथा अन्य व्यवसायिक सटर | ३,०००।०० | ३,०००।०० | |
| ११ | ग्रामिण क्षेत्रका व्यवसायिक सटर | २,०००।०० | २,०००।०० | |
| १२ | आवासीय सटर/कोठा | १,०००।०० | १,०००।०० | |

**अनुसूची–४**

(ऐनको दफा ५ सँग सम्बन्धित)

**व्यवसाय कर**

१. सुनवल नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहनेले व्यवसाय दर्ता गरी ईजाजत लिनु पर्नेछ।

२. नगरपालिकाको ईजाजत विना व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

३. नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय तथा सेवा संचालन गर्दा व्यवसायीले वार्षिक रुपमा देहाय बमोजिमको व्यवसाय कर बुझाउनु पर्ने छ। वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी हरेक आर्थिक वर्षमा आफ्नो व्यापार, व्यवसाय तथा सेवालाई नविकरण गर्नु पर्नेछ।

४. आगामी आ.व. २०८०।८१ का लागि असोज मसान्त भित्र व्यवसाय कर बुझाउन आएमा लाग्ने कर रकमको १० प्रतिशत छुट दिईने छ।

**व्यवसाय दर्ता  दस्तुको दर**

| क्र.स. | कुल पूँजी | दर्ता दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | रु १ देखि ५ लाख सम्म | रु. १०००। | |
| २ | रु ५ लाख १ देखि १० लाख सम्म | रु. २०००। | |
| ३ | रु १० लाख १ देखि २० लाख सम्म | रु. २,५००। | |
| ४ | रु २० लाख १ देखि ५० लाख सम्म | रु. ३,०००। | |
| ५ | रु ५० लाख १देखि १ करोड  सम्म | रु. ४,०००। | |
| ६ | रु १ करोड १ देखि  २ करोड  सम्म | रु. ५,०००। | |
| ७ | रु २ करोड १ देखि  ४ करोड  सम्म | रु. ८,०००। | |
| ८ | रु ४ करोड १ देखि  ६ करोड  सम्म | रु. १०,०००। | |
| ९ | रु ६ करोड भन्दामाथि | थप प्रति करोड रु २०००। | |
| १० | घ वर्गको निर्माण व्यवसायी ईजाजत नविकरण दस्तुर | रु. ५,०००। | |
| ११ | सहकारी दर्ता दस्तुर | रु. १०००। | |
| १२ | कुल पुंजी नखुलेको सबै व्यवसायहरुको हकमा | रु. १०००। | |

**व्यवसाय करको दर**

**क) कुल पुँजि खुल्ने व्यवसायको हकमा**

| क्र.सं. | कुल पूँजी | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | रु १ देखि ५ लाख सम्म | रु १०००। | |

| | | | |
|---|---|---|---|
| २ | रु ५ लाखभन्दा माथि देखि १० लाख सम्म | रु १५००। | |
| ३ | रु १० लाखभन्दा माथि देखि २० लाख सम्म | रु २०००। | |
| ४ | रु २० लाखभन्दा माथि देखि ५० लाख सम्म | रु ३०००। | |
| ५ | रु ५० लाखभन्दा माथि देखि १ करोड सम्म | रु ५०००। | |
| ६ | रु १ करोड भन्दा माथि देखि २ करोड सम्म | रु १००००। | |
| ७ | रु २ करोड भन्दा माथि देखि ४ करोड सम्म | रु २०,०००। | |
| ८ | रु ४ करोड भन्दा माथि देखि ६ करोड सम्म | रु ३०,०००। | |
| ९ | रु ६ करोड भन्दा माथि | थपप्रति करोड रु ७०००। | |

**ख) पुँजि नखुल्ले सेवा तथा व्यवसायको हकमा ।**
**बैंक तथा वित्तीय संस्था**

| क्र.सं. | विवरण | आ.व. २०७९/८० को दर | आ.व. २०८०/८१ को कायम दर | कैफियत |
|---|---|---|---|---|
| १ | क बर्ग शाखा | ४०,०००.०० | ७०,०००.०० | |
| २ | बिकास बैक | ३०,०००.०० | ६०,०००.०० | |
| ३ | बिमा कम्पनी | १५,०००.०० | २०,०००.०० | |
| ४ | लघु बित्तिय संस्था | १०,०००.०० | २०,०००.०० | |
| ५ | सटही काउन्टर | ३,०००.०० | ५,०००.०० | |
| ६ | सहकारी/सहकारी बैक - १५ करोड भन्दा माथि पूँजी भएको | ८,०००.०० | १०,०००.०० | |
| ७ | सहकारी/सहकारी बैक - ५ करोड देखि १५ करोड सम्म पूँजी भएको | ६,०००.०० | ८,०००.०० | |
| ८ | सहकारी | ३,०००.०० | ५,०००.०० | |
| ९ | मनि ट्रान्सफर | २,०००.०० | ५,०००.०० | सहकारी संस्थाले मनि ट्रन्सफरको सेवा प्रदान गरेमा यो कर थप लाग्नेछ। |
| **स्वास्थ्य सेवा** | | | | |
| १ | निजी अस्पताल | १०,०००.०० | १०,०००.०० | |
| २ | सामुदायिक अस्पताल | ३,०००.०० | ३,०००.०० | |
| ३ | डाक्टर सेवा क्लिनिक | ५,०००.०० | ५,०००.०० | |
| ४ | ल्याब सेवा | २,५००.०० | २,५००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | औषधी पसल | ४,०००.०० | ४,०००.०० | |
| **शिक्षा सेवा व्यवसाय निजी स्तर** | | | | |
| १ | आधारभूत तह | ६,०००.०० | ६,०००.०० | |
| २ | माध्यमिक तह | ८,०००.०० | ८,०००.०० | |
| ३ | सो भन्दा माथि | १२,०००.०० | १२,०००.०० | |
| ४ | प्राविधीक शिक्षा | ८,०००.०० | ८,०००.०० | |
| ५ | मन्टेश्वरी | ३,०००.०० | ३,०००.०० | |
| ६ | कोचिङ, ट्यूसन, ब्रिज कोर्श लगायतका शैक्षिक परामर्श सेवा | १०,०००.०० | १०,०००.०० | |
| **कानुनी सेवा** | | | | |
| १ | बरिष्ठ अधिबक्ता | ३,०००.०० | ३,०००.०० | |
| २ | अधिबक्ता | १,५००.०० | १,५००.०० | |
| ३ | कानुनी परामर्श सेवा | १,५००.०० | १,५००.०० | |
| ४ | लेखापढी व्यवसायी | २,०००.०० | २,०००.०० | |
| ५ | लेखा परिक्षक क बर्ग | ५,०००.०० | ५,०००.०० | |
| ६ | लेखा परिक्षक ख बर्ग | ३,०००.०० | ३,०००.०० | |
| ७ | लेखा परिक्षक ग/घ | १,०००.०० | १,०००.०० | |
| **निर्माण व्यवसायी फर्म** | | | | |
| १ | क बर्ग | २०,०००.०० | २०,०००.०० | पटके कर ५० प्रतिशत |
| २ | ख बर्ग | १५,०००.०० | १५,०००.०० | |
| ३ | ग बर्ग | १०,०००.०० | १०,०००.०० | |
| ४ | घ बर्ग | ५,०००.०० | ३०,०००.०० | |
| ५ | शाखा कार्यालय निर्माण व्यवसायी | वर्ग अनुसार आधा लाग्ने | वर्ग अनुसार आधा लाग्ने | |
| ६ | सेटरीङ्ग व्यवसाय | २,०००.०० | २,०००.०० | |
| ७ | सूचीकृत दस्तुर | ३००.०० | ३००.०० | |

माथि उल्लेख हुन छुट भएका व्यापार, व्यवसाय र सेवाका हकमा राजश्व परामर्श समितिको सिफारीसमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

## अनुसुची-५

(ऐनको दफा ५ सँग सम्बन्धित)

## जडिबुटीजन्य कवाडीजन्य/जीवजन्तु करको दर

**क) धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरुमा निम्न बमोजिमको दर कायम गर्ने।**

| सि.नं. | राजश्वकोक्षेत्रहरु | इकाई | दर | कै |
|---|---|---|---|---|
| १ | फलाम | प्रतिके.जी. | रु. १।(एकरुपैयाँ) | |
| २ | अन्य धातु (पित्तलैं तामा आदि) | प्रतिके.जी. | रु. २।-(दुईरुपैयाँ) | |
| ३ | थोत्रिएर काम नलाग्ने मेसिनरी औजार | प्रतिके.जी. | रु. २।-(दुईरुपैयाँ) | |
| ४ | पोलिथिन पाइपका टुक्रा | प्रतिके.जी. | रु. २।-(दुईरुपैयाँ) | |
| ५ | सिसा (लिड) को धुलो वा टुक्रा | प्रतिके.जी. | रु. ३।-(तिनरुपैयाँ) | |
| ६ | काँचको धुलो र टुक्रा | प्रतिके.जी. | रु. १।-(एकरुपैयाँ) | |

**ख) प्रचलित कानूनले निषेधित गरे बाहेकका पंछिहरुको प्वाँख तथा मरेका वा मारिएका पशुको हाड, सिंग, खुर तथा छालामा निम्न बमोजिम कर लाग्नेछ।**

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पंक्षीहरुका प्वाँख | प्रति केजि. | रु. २।-(दुईरुपैयाँ) | |
| २ | हाड | प्रति केजि. | रु. १।-(एकरुपैयाँ) | |
| ३ | सिंग | प्रति केजि. | रु. २।-(दुईरुपैयाँ) | |
| ४ | खुर | प्रति केजि. | रु. २।-(दुईरुपैयाँ) | |
| ५ | छाला ठूलो | प्रति गोटा | रु. ३०।-(तिसरुपैयाँ) | |
| ६ | छाला सानो | प्रति गोटा | रु. १५।-(पन्ध्ररुपैयाँ) | |

**ग) अन्य कवाडी मालसामान**

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर | कै |
|---|---|---|---|---|
| १ | खाली सीसी (वियर) वोतल | प्रति गोटा | रु. १।-(एक रुपैयाँ) | |
| २ | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि | प्रति गोटा | रु. १।-(एक रुपैयाँ) | |
| ३ | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल | प्रति गोटा | रु. ०.५०(पचास पैसा) | |
| ४ | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) | प्रति के.जी | रु. १।-(एक रुपैयाँ) | |
| ५ | टायर/ट्यूव | प्रति के.जी | रु. २।-(दुई रुपैयाँ) | |

| | | | | |
|---|---|---|---|---|
| ६ | खाली बोराः | | | |
| क | ५० के.जी सम्म खाध्यान्न अट्नेप्लाष्टिकका बोरा | प्रति गोटा | रु. ०.५०(पचास पैसा) | |
| ख | ५० के.जी. सम्म खाध्यान्न अट्नेजुटका बोरा | प्रति गोटा | रु. ०.५०(पचासपैसा) | |
| ग | १०० के.जी. सम्म खाद्यान्नअट्नेजुटका | प्रति गोटा | रु. १।-(एकरुपैयाँ) | |
| ७ | तेलको टिनः | | | |
| क | १० लिटरभन्दा बढी अट्नेठूलो | प्रति गोटा | रु. १।-(एकरुपैयाँ) | |
| ख | १० लिटरभन्दा कम अट्ने सानो | प्रति गोटा | रु. ०.५०(पचासपैसा) | |
| ग | थोत्रो टिन लगायतको कवाडी सामान | प्रति के.जी. | रु. १।-(एकरुपैयाँ) | |
| घ | पुरानो ड्रम | गोटा | रु. १०।-(दशरुपैयाँ) | |
| ङ | पुराना कागज (अखबार, न्यूजप्रिन्ट) | प्रति के.जी. | रु. १।-(एकरुपैयाँ) | |
| च | पुराना अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | रु. १।-(एकरुपैयाँ) | |

**अनुसूची–६**

(ऐनको दफा ७ सँग सम्बन्धित)

**सवारी साधन करको दर**

| १ | दर्ता शुल्क | कायम दर | कैफियत |
|---|---|---|---|
| | ठेला दर्ता | २००.०० | |
| | ई रिक्सा दर्ता | ५००.०० | |
| | ई रिक्सा रट इजाजत शुल्क प्रतिकिलो मिटर | १००.०० | |
| २ | कर | | |
| | ठेला वार्षिक कर | ५००.०० | |
| | ई रिक्सा वार्षिक कर | २०००.०० | |

**अनुसूची–७**

(ऐनको दफा ८ सँग सम्बन्धित)

**विज्ञापन कर**

१. सुनवल नगरपालिकाले आफ्नो क्षेत्रभित्र तपशिल बमोजिमको विज्ञापन कर लिनेछ।

२. कुनैपनि प्रकारको ब्यबसाय गर्दा नगरपालिकाबाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ।

३. नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न वनदेज गरेका (मादक पदार्थ, सुर्तिजन्य पदार्थ) जस्ता वस्तुहरुको विज्ञापन गर्न पाईनेछैन।

४. नेपाल सरकारका तर्फबाट हुने जनचेतनामूलक सूचना तथा प्रचार प्रसार समाग्रीहरुमा विज्ञापन कर लिईनेछैन।

५. व्यापार, व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीको हकमा विज्ञापन कर लिईनेछैन।

६. स्वीकृती नै नलिई राखिएका विज्ञापन सामाग्री हटाउने र स्वीकृती दिन उपयुक्त ठानिएमा लाग्ने करको शत प्रतिशत बराबर जरिवाना लिई स्वीकृती दिन सकिनेछ।

७. विज्ञापन गर्ने संस्था वा व्यक्तिले स्वीकृत समयावधी समाप्त भएपछि विज्ञापन गर्ने संस्था वा व्यक्तिले स्वयम तुरुन्त हटाउनु पर्नेछ।

| क्र. स. | शिर्षक | आ.व. २०७९/०८० को दर | आ.व. २०८०/०८१ को प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड, नियोन साइन तथा अन्य ठूला विद्युतिय बोर्डहरु (प्रति वर्गफिट वार्षिक) | ७५.०० | ७५.०० | संस्थान तथा सार्वजनिकका लागि छुट |
| २ | ग्लो साईन बोर्ड, डी.पी.एस. बोर्ड आदी (प्रति वर्गफिट वार्षिक) | ५०.०० | ५०.०० | संस्थान तथा सार्वजनिकका लागि छुट |
| ३ | भित्ते लेखन (प्रति वर्गफिट पटके) | १०.०० | १०.०० | संस्थान तथा सार्वजनिकका लागि छुट |
| ४ | तुल, ब्यानर (प्रति वर्गफिट पटके) | १०.०० | १०.०० | संस्थान तथा सार्वजनिकका लागि छुट |

**अनुसूची–८**

(ऐनको दफा १० सँग सम्बन्धित)

**बहाल बिटौरी कर**

पर्ति तथा ऐलानी जग्गा तथा सो जग्गामा वनेको घरको सम्पत्तिकरको हिसाबले आउने रकमलाई नै बहाल बिटौरी कर को रुपमा असुल गरिनेछ।

साप्ताहिक हाट बजार कर (बैठकी)

| क.सं. | शिर्षक | आ.व. २०७९/०८० को दर | आ.व. २०८०/०८१ को कायम दर | कैफियत |
|---|---|---|---|---|
| १ | बिसाता पसल | १००.०० | १००.०० | |
| २ | फलफुल एवं कृषि उत्पादन | | | |
| | क. टायर गाडा | १५०.०० | १५०.०० | |
| | ख. जीप | २५०.०० | २५०.०० | |
| | ग. ट्रक | ७००.०० | ७००.०० | |
| | ग. मोटर साईकल | १००.०० | १००.०० | |
| | घ. साईकल | ५५.०० | ५५.०० | |
| | ङ. डोको | २५.०० | २५.०० | |
| ३ | किराना पसल | १००.०० | १५०.०० | धुलो खुर्सानी र मसला खुल्ला रुपमा विक्री गर्न नपाईने व्यवस्था मिलाउने |
| ४ | हरियो साग सब्जी फुटकर | ५०.०० | ५०.०० | |
| ५ | थान कपडा पसल | १००.०० | २००.०० | |
| ६ | तयारी पोशाक पसल | १००.०० | २००.०० | |
| ७ | चुरा पसल | ५५.०० | ५५.०० | |
| ८ | जुत्ता पसल | १००.०० | २००.०० | |
| ९ | डोको प्रति भारी | २५.०० | २५.०० | |
| १० | माछा पसल | १००.०० | १००.०० | जीउँदो माछा मात्र बेच्न पाउने व्यवस्था मिलाउने |
| ११ | फलफुल फुटकर पसल | ४५.०० | ४५.०० | |
| १२ | प्लाष्टिक भाडा पसल | १००.०० | १५०.०० | |
| १३ | सुकेको माछा पसल | ४५.०० | ५०.०० | |

| क्र.सं. | शिर्षक | आ.व. २०७९/०८० को दर | आ.व. २०८०/०८१ को कायम दर | कैफियत |
|---|---|---|---|---|
| १४ | सानो काटा -खाद्य सामाग्री | ६०.०० | १००.०० | |
| १५ | चिखना/नास्ता पसल | ७०.०० | ८०.०० | |
| १६ | तोरी तेल पसल | ७५.०० | ८०.०० | |
| १७ | मिठाई पसल | १००.०० | १२०.०० | |
| १८ | सुर्ती पसल | ३५.०० | ५०.०० | |
| १९ | जुत्ता सिलाउने पसल | ३५.०० | ३५.०० | |
| २० | कपाल काटने नाई पसल | १००.०० | १००.०० | |
| २१ | बदाम पसल फुटकर | ३०.०० | ३०.०० | |
| २२ | बिउ बिजन पसल | ४०.०० | ४०.०० | |
| २३ | फलाम औजार पसल | ४५.०० | ४५.०० | |
| २४ | कुखुरा प्रति गोटा | १०.०० | १०.०० | |
| २५ | परेवा प्रति जोडी | १०.०० | १०.०० | |
| २६ | धातुको भाडा पसल | १००.०० | १२०.०० | |
| २७ | प्रचार एवं बिज्ञापन सामाग्री पसल | १५० देखी २५० | १५० देखी २५० | |
| २८ | आलु प्याज पसल | १००.०० | १२०.०० | |
| २९ | धातु गहना पसल | १००.०० | १५०.०० | |
| ३० | खसी प्रति गोटा | ११०.०० | ११०.०० | |
| ३१ | इलेक्ट्रीक पसल | १०५.०० | १२०.०० | |
| ३२ | चाउमिन/मम/फुल्की/चाट ठेला कुर्ची राखी बेच्ने पसल | १५०.०० | २००.०० | |
| ३३ | चाउमिन/मम/फुल्की/चाट पसल कुर्ची विना बेच्ने पसल | ५०.०० | १००.०० | |
| ३४ | कुचो प्रति गोटा | १.०० | १.०० | |
| ३५ | कुचो पसल | ४०.०० | ४०.०० | |
| ३६ | बिभिन्न सामाग्री मर्मत गर्ने पसल | ४०.०० | ५०.०० | |
| ३७ | सेल आईटम पसल | २००.०० | २५०.०० | |

| क्र.सं. | शिर्षक | आ.व. २०७९/०८० को दर | आ.व. २०८०/०८१ को कायम दर | कैफियत |
|---|---|---|---|---|
| ३८ | उखु/फलफूलको जुस पसल | १००.०० | १२०.०० | |
| ३९ | चटके - जादु, सर्कस आदि | १००.०० | २००.०० | |
| ४० | कुल्फी, आईक्रिम र बरफ | २५.०० | ३०.०० | |
| ४१ | मकै पोलेर बेच्ने पसल | १०.०० | १५.०० | |
| ४२ | चिया नास्ता पसल/लस्सी पसल | ५०.०० | ६०.०० | |
| ४३ | अन्य समान | १० देखी २०० | २० देखी २०० | |

हाट बजार पसल कर १२ फिट मोहडाका लागि उपरोक्त उल्लेखित दर कायम गरिएको छ। सो भन्दा माथि प्रति फिट रु. १० थप रकम लिईने छ। स्थानिय व्यवसायीहरुलाई १० प्रतिशत छुट हुने। अपागंता भएका स्थानीय व्यक्तिको हकमा यो कुरामा छुट हुनेछ।

**अनुसूची-९**

(ऐनको दफा ११ सँग सम्बन्धित)

**पार्किङ शुल्क**

नगरपालिकाले निर्माण गरेका पार्किङ स्थलहरूमा देहायको दरमा पार्किङ शुल्क लाग्नेछ।

| क्र.सं. | सवारी साधन | दर (रू.) | कैफियत |
|---|---|---|---|
| १ | साइकल | ५ | |
| २ | मोटरसाइकल | १० | |
| ३ | इरेक्सा/टेम्पो | १५ | |
| ४ | कार/जीप/भ्यान | २० | |

**अनुसूची-१०**

(ऐनको दफा १२ सँग सम्बन्धित)

**सेवा शुल्क दस्तुर**

**फोहोरमैला व्यवस्थापन शुल्क**

| क्र.सं. | विवरण | | कायम दर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रति घर | ५०।०० | ५०।०० | मासिक |
| २ | होटेल व्यवसाय | | २००।०० | |
| ३ | ठूला उद्योगहरु | | ३,०००।०० | |

## सिफारिस दस्तुर/प्रमाणित दस्तुर

| | | | | |
|---|---|---|---|---|
| **चौकिल्ला प्रमाणित दस्तुर** | | | | |
| १ | ५ कट्ठा सम्मको | २००.०० | २००.०० | प्रतिकित्ताको |
| २ | ५ कट्ठामाथि देखि १० कट्ठा सम्मको | ४००.०० | ४००.०० | प्रतिकित्ताको |
| ३ | १० देखि १५ कट्ठा सम्मको | ६००.०० | ६००.०० | प्रतिकित्ताको |
| ४ | १५ कट्ठा देखि १ बिगाहा सम्मको | ८००.०० | ८००.०० | प्रतिकित्ताको |
| ५ | १ बिगाहा माथि | १,५००.०० | १,५००.०० | प्रतिकित्ताको |
| **विद्युतलाईन जडान सिफरीस** | | | | |
| १ | घरबिद्युत लाईन जडान सिफारिस | २००.०० | २००.०० | |
| २ | कृषि मिटर जडान | २००.०० | २००.०० | |
| ३ | साना उद्योगमा बिद्युत जडान सिफारिस | ३,०००.०० | ३,०००.०० | |
| ४ | मझौला उद्योग बिद्युत लाईन जडान सिफारिस | ५,०००.०० | ५,०००.०० | |
| ५ | ठुलो उद्योगमा बिद्युत लाईन जडान सिफारिस | १५,०००.०० | १५,०००.०० | |
| **सवारी साधन नामसारी सिफारीस दस्तुर** | | | | |
| १ | बस, ट्रक | १,०००.०० | १,०००.०० | |
| २ | जिप, कार | ५००.०० | ५००.०० | |
| ३ | मोटर साईकल, स्कुटी आदि | ३००.०० | ३००.०० | |
| **पेन्सन सिफरीस** | | | | |
| १ | ब्रिटिस/तेश्रो मुलुक | १,०००.०० | १,०००.०० | |
| २ | भारतीय | ५००.०० | ५००.०० | |
| ३ | नेपाली पेन्सनर | ३००.०० | ३००.०० | |
| **प्रमाणित दस्तुर** | | | | |
| १ | अविवाहित/विवाहित प्रमाणित | ३००.०० | ३००.०० | |
| २ | बसोबास प्रमाणित | ३००.०० | ३००.०० | विद्यार्थीको हकमा २५ प्रतिशत छुट |
| ३ | आयश्रोत प्रमाणित | प्रति हजारको १ रुपैया | प्रति हजारको १ रुपैया | |
| ४ | आदीबासी जनजाती प्रमाणित | ३००.०० | ३००.०० | |
| ५ | चालचलन प्रमाणित | ३००.०० | ३००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | जन्म प्रमाणित | ३००.०० | ३००.०० | |
| ७ | अन्य प्रमाणित | ३००.०० | ३००.०० | |
| ८ | नाता कायम /नाता प्रमाणित | ३००.०० | ३००.०० | |
| ९ | नाता कायम /नाता प्रमाणित अंग्रेजी | ५००.०० | ५००.०० | |
| १० | अनुभव प्रमाणित दस्तुर | ५००.०० | ५००.०० | |
| ११ | नाम थर, जन्म मिति प्रमाणित | ५००.०० | ५००.०० | |
| १२ | सिफारीस प्रमाणित दस्तुर | ५००.०० | ५००.०० | |
| १३ | फोटो प्रमाणित प्रति फोटो | १००.०० | १००.०० | |
| **तमसुक प्रमाणित दस्तुर** | | | | |
| १ | ५ लाखसम्म | ३००.०० | ३००.०० | सो भन्दा माथि प्रतिलाखको १०० |
| **घ बाटो प्रमाणित दस्तुर** | | | | |
| १ | मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनलाई तोकेको मूल्याङ्कनका आधारमा हुन आउने जग्गाको मूल्याङ्कनको ०.२ प्रतिशत रकम सिफारिस दस्तुर लाग्नेछ। न्यूनतम सिफारिस रु. १,०००।- लाग्नेछ तर अंशबण्डा र अंश भर्पाइको लागी न्यूनतम सिफारिस दस्तुर (रु. १०००/-) मात्र लाग्नेछ। | | | |
| **अन्य सेवा शुल्क, दस्तुर** | | | | |
| १ | निजी स्तरको बिद्यालय स्थापना अनुमति | ५,०००.०० | ५,०००.०० | |
| २ | सरुवा अनुमति दस्तुर | १,०००.०० | १,०००.०० | |
| ३ | कक्षा स्तरोन्नति सिफारिस दस्तुर - संस्थागत | ५,०००.०० | ५,०००.०० | |
| ४ | कक्षा स्तरोन्नति सिफारिस दस्तुर - सामुदायिक | १,०००.०० | १,०००.०० | |
| ५ | परीक्षा दस्तुर | | | नगर शिक्षा समितिको निर्णायानुसार |
| ६ | लब्धांक पत्र पुनर्योग दस्तुर | | १०० | प्रति विषय |
| ७ | लागत अनुमान तयारी दस्तुर अन्य निकाय | | | लागत अनुमानको ०.०५ प्रतिशत |
| ८ | अन्य सर्जमिन दस्तुर | ५००.०० | ५००.०० | |
| ९ | घरभाडा रोहवर/सर्जमिन | ५००.०० | ५००.०० | |
| १० | जग्गा छुट्टाउने दस्तुर | १,०००.०० | १,०००.०० | |
| ११ | घर बाटो प्रमाणित फिल्ड निरीक्षण स्तुर | ५००.०० | ५००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १२ | जग्गा रोक्का सिफारीस | ५००.०० | ५००.०० | |
| १३ | भारत बैकमा खाता खोल्ने सिफारिस दस्तुर | ५००.०० | ५००.०० | |
| १४ | निबेदन/टिकट | १०.०० | १०.०० | |
| १५ | निर्माण व्यवसायी र पेट्रोलियम पदार्थ दर्ता सिफारिस | ५,०००.०० | ५,०००.०० | |
| १६ | नेपाली नागरिकता सिफारिस | ५०.०० | ५०.०० | |
| १७ | नेपाली नागरिकता प्रतिलिपी सिफारिस | ५०.०० | ५०.०० | |
| १८ | अचल सम्पत्ति मुल्याङ्कन दस्तुर (यसरी गरीएको मुल्यांकन सम्पत्ति कर असुलीका लागि ३ वर्ष सम्म कायम गरिने छ ) | प्रति हजारको १ रुपैया | प्रति हजारको १ रुपैया | विद्यार्थीको हकमा २५ प्रतिशत छुट |
| १९ | अंग्रेजीमा गरीने सिफारीस | ५००.०० | ५००.०० | |
| २० | अवादी जग्गाको रुख कटान सर्जमिन | १,०००.०० | १,०००.०० | |
| २१ | अवादी जग्गाको रुख कटान सिफारीस | प्रति ट्रेक्टर रु. ५००.०० | प्रति ट्रेक्टर रु. ५००.०० | |
| २२ | भारत देश जाने राहदानी सिफारिस | ५००.०० | ५००.०० | |
| २३ | घटना दर्ता बिलम्ब शुल्क | ५०.०० | ५०.०० | (३५ दिन भित्र दर्ता हुन आएमा निःशुल्क) |
| २४ | घटना दर्ता संसोधन सर्जमिन | ५००.०० | ५००.०० | |
| २५ | घर सारको सिफारीस | २५०.०० | २५०.०० | नगरपालिका भित्र |
| २६ | घर सारको सिफारीस | ५००.०० | ५००.०० | नगरपालिका बाहिर जिल्ला भित्र |
| २७ | घर सारको सिफारीस | ७५०.०० | ७५०.०० | जिल्ला बाहिर |
| २८ | वनपैदावर खरिद सिफारीस | प्रति क्यू.फिट रु. १०.०० | प्रति क्यू.फिट रु. १०.०० | |
| २९ | जग्गा दर्ता सिफारीस | प्रति धुरको रु. २५०.०० | प्रति धुरको रु. २५०.०० | |
| ३० | जग्गा नामसारी सिफारीस | प्रति कट्ठाको रु. १०.०० | प्रति कट्ठाको रु. १०.०० | न्यूनतम रु. ३००.०० |
| ३१ | घर जग्गा कर | नियमानुसार | नियमानुसार | |
| ३२ | सिफारीस प्रतिलिपी दस्तुर | १००.०० | १००.०० | |
| ३३ | मार्कसिट प्रतिलिपी दस्तुर | ३००.०० | ३००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | खा.पा. धारा जडान, टेलिफोन सिफारीस | १००.०० | १००.०० | |
| ३५ | मोही जग्गाको लगत कट्टा सिफारीस | ५००.०० | ५००.०० | |
| ३६ | पुस्ता कायम सिफारीस | २००.०० | २००.०० | |
| ३७ | व्यवसायको पूँजी बृद्धि दस्तुर | प्रति लाखको १००.०० | प्रति लाखको १००.०० | |
| ३८ | प्रतिलिपी जग्गा धनि प्रमाण पुर्जा सिफारीस साथै संसोधन सिफारीस | २००.०० | २००.०० | |
| ३९ | अदालत सम्वनधी सिफारीस | २००.०० | २००.०० | |
| ४० | व्यवसाय लगत कट्टा सिफारीस | २००.०० | २००.०० | |
| ४१ | शिक्षक सरुवा सहमति सिफारीस दस्तुर | २,०००.०० | २,०००.०० | |
| ४२ | फिरादपत्र तथा प्रतिउत्तर दस्तुर | | | |
| ४३ | शिक्षक नियुक्ति अभिलेखिकरण दस्तुर | १,५००.०० | १,५००.०० | |
| ४४ | पदपूर्ति आवेदन दस्तुर | | | लोकसेवा आयोगको दर बमोजिम |
| ४५ | अन्य उल्लेख नभएका सिफारीस दस्तुर | ३००.०० | ३००.०० | |
| **दभाउ पत्र बोलपत्र प्रति फाम दस्तुर** | | | | |
| १ | शिलवनदी दरभाउ पत्र | १,०००.०० | १,०००.०० | अन्यको हकमा सार्वजनिक खरिद ऐन नियम बमोजिम |

घरेलु तथा साना उद्योग कार्यालयबाट सम्पादित हुने रु. ५ लाख भन्दा साना नीजि उद्योग, व्यवसाय दर्ता, नविकरण लगायतका नीजि व्यवसाय दर्ता, नविकरण लगायतका कर दस्तुर प्रदेश सरकारले तोके बमोजिम कायम हुनेछ।

भवन निर्माण अनुमति तथा नक्सापास दस्तुर

सुनवल नगरपालिका क्षेत्रभित्र देहाय बमोजिम भवन निर्माण अनुमति तथा नक्सा पास दस्तुर कायम गरिएको छ।

| क्र.सं. | विवरण | साविकको दर | आ.व. २०८०/०८१ मा कायम दर | कैफियत |
|---|---|---|---|---|
| १ | निबेदन | ५००.०० | ५००.०० | |
| २ | सर्जमिन दस्तुर | १,०००.०० | १,०००.०० | |
| ३ | नक्शापास फारम बिक्री | ५००.०० | ५००.०० | |
| ४ | घर नक्शा नामसारी दस्तुर | १,०००.०० | १,०००.०० | |

| क्र.सं. | विवरण | साविकको दर | आ.व. २०८०/०८१ मा कायम दर | कैफियत |
|---|---|---|---|---|
| ५ | आवास प्रयोजनका पूर्वाधा/रको नक्शापास दस्तुर प्रति बर्ग फिट | ५.०० | ५.०० | |
| ६ | व्यवसायीक प्रयोजन र राजमार्ग तथा बजार क्षेत्रका पूर्वाधा/रको नक्शापास दस्तुर प्रति बर्ग फिट | ६.०० | ६.०० | |
| ७ | औद्योगिक प्रयोजनका लागि वनेको पूर्वाधा/रको नक्शापास दस्तुर प्रति बर्ग फिट | ५.०० | ५.०० | |
| ८ | पर्खाल - प्रति रनिङ्ग फिट | ५.०० | ५.०० | |
| ९ | ट्रस - प्रति बर्गफिट | ३.०० | ३.०० | |
| १० | अस्थायी टहरा, कृषि प्रयोजनका लागि निर्मित पूर्वाधा/र, टिन, टायलको छानो भएको घर - प्रति वर्गफिट | २.०० | २.०० | |
| ११ | अमिन दस्तुर | १,०००.०० | १,०००.०० | प्रति कित्ताको |
| १२ | नक्सा प्रमाणित दस्तुर | १,०००.०० | १,०००.०० | |

घर नक्सा डिजाईन गरे वापत कन्सल्टेन्सी फर्मले १००० बर्ग फिट सम्मको बढीमा रु. ५,०००।०० र सो भन्दा माथि प्रति वर्गफिट रु. ३।०० (थप) भन्दा बढी सेवा शुल्क लिन पाईने छैन।

साविक गा.वि.स. का पालामा वनेका घरहरुलाई नियमित गर्ने तोकिएको समय सीमाभित्र नियमित नगर्नेलाई नक्सापास दस्तुरको १० प्रतिशतका दरले जरीवाना लगाईने छ।

## वन पैदावार विक्री आयमा कर

सामुदायिक वन उपभोक्ता समितिहरुले वनपैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम संघीय ऐन बमोजिम नगरपालिकाको संचित कोषमा दाखिला गराउनु पर्ने छ।

**अनुसूची–११**

(ऐनको दफा १४ सँग सम्बन्धित)

**रोयल्टी रकम**

**ढुङ्गा गिट्टी बालुवाको रोयल्टी**

| क्र.सं. | विवरण | साविकमा कायम हुन आएको दर | आ.व. २०८०/०८१ मा कायम दर |
|---|---|---|---|
| १. | ढुङ्गा गिट्टी बालुवा | रु. १४.७ प्रति घनफुट (मू.अ. कर बाहेक) | रु. १७.६४ प्रति घनफुट (मू.अ. कर बाहेक) |
| २. | निजी जग्गामा माटो उत्खनन् अनुमति दस्तुर | रु. ०.२५ प्रति घनफुट (मू.अ. कर बाहेक) | रु. ५/- प्रति घनफुट (मू.अ. कर बाहेक) |

**अनुसूची–१२**

(ऐनको दफा १५ सँग सम्बन्धित)

**दण्ड जरिवाना**

**नदीजन्य पदार्थ चोरी निकासी दण्ड जरीवाना**

| क्र.सं. | विवरण | कायम दर | कैफियत |
|---|---|---|---|
| १ | ट्याक्टर | ६०,०००.०० | |
| २ | ट्क, टिप्पर | १००,०००.०० | |
| ३ | ब्याक्हु लोडर | २००,०००.०० | |

नदीजन्य पदार्थको चोरी निकासीको दण्ड जरीवानाका सन्दर्भमा पटक पटक चोरी निकासी गरेमा माथि कायम गरिएको शुरु दरमा पटकै पिच्छे दोब्बर जरीवाना लिईने छ। सूचना दिने र नियन्त्रणमा लिई कार्यालयमा बुझाउनेलाई प्रोत्साहन स्वरुप जरीवाना रकमको २० प्रतिशत उपलब्ध गराईने छ।